# कोरोना भाईरस (COVID १९) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण रासयनिक मल र बीउको उपलब्धता तथा वितरण प्रणालीमा भएका समस्याहरु र समाधानका उपायहरु सम्बन्धि भर्चुअल बैठकको प्रतिवेदन

कोरोना भाईरस (COVID 19) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण रासयनिक मल र बीउको उपलब्धता तथा वितरण प्रणालीमा भएका समस्याहरु र समाधानका उपायहरु विषयमा मिति २०७८/०२/१९ मा राष्ट्रिय किसान आयोगले आयोजना गरेको छलफल कार्यक्रममा कृषि सामाग्री कम्पनीका प्रबन्धक नेत्र भण्डारी, साल्ट ट्रेडिङका सहमहाप्रवन्धक पंकज जोशी, राष्ट्रिय बीउ बीजन गुण नियन्त्रण केन्द्रका प्रमुख बेनु प्रसाद प्रसाई, विभिन्न जिल्लाका कृषि ज्ञान केन्द्रका प्रमुखहरू, नेपाल बीउ व्यावसायी संघका प्रतिनिधिहरू मलखाद व्यावसायी संघका प्रतिनिधि, व्यवसायी कृषक लगायत किसान आयोगका सदस्य तथा सरोकारवालाहरूको सहभागिता थियो । उक्त छलफल कार्यक्रममा सरोकारवालाहरूले विभिन्न सल्लाह एवं सुझावहरू राख्नु भएको थियो ।

- कृषि सामाग्री कम्पनीका प्रबन्ध निर्देशक नेत्र बहादुर भण्डारीका अनुसार युरिया १९ हजार मेट्रिक टन स्टकमा रहेको, ३० हजार मेट्रिक टन कलकलताबाट नेपाल आइरहेको र बंगलादेशबाट १९ हजार मेट्रिक टन पोर्टमा ब्यागिङको अवस्थामा रहेकोले मल अभाव नभएता पनि आन्तरिक ढुवानी समस्या भएकोले नेपाल सरकारबाट आवश्यक पहल हुन जरूरी भएको ।
- आगामी आ.व को लागि चाहिने मल खरिदका लागि टेन्डर प्रकृया शुरू गरेता पनि विभिन्न कारणले टेन्डर प्रकृया रद्ध भएकोले मल खरीद समयमै गर्नका लागि Government to Government (G to G) मार्फत गर्दा नै उपयुक्त हुने भएकोले सो मार्फत नै खरीद प्रकृया अगाडी बढाउन नेपाल सरकारबाट आवश्यक पहल हुनु पर्ने देखिन्छ ।
- साल्ट ट्रेडिङ पंकज जोशी सहायक महाप्रबन्धक अनुसार १६ हजार टन युरिया, १५ हजार मेट्रिक टन डिएपी र ४ हजार मेट्रिक टन पोटास हाल स्टकमा रहेको भएता पनि सर्वसाधारणको लागि मलको स्टकको सुचना प्रवाह हुने आवश्यक व्यवस्था हुन नेपाल सरकारलाइ अनुरोध गर्ने ।
- कोभिड -१९ संकटव्वस्थापन केन्द्र (COVID-19 Crisis Management Center-CCMC) को अति आवश्यक सुचि भित्र मल नपर्नु र मलको उच्च माग हुने समय यस प्रकारको समस्या देखिन गएकोले मल तथा बीउलाई सिसिएमसी अन्तरगतमा अति आवश्यक बस्तुमा राख्नका लागि नेपाल सरकारबाट आवश्यक पहल हुन जरूरी भएको ।
- कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङबाट हाल मल अभाव नभएको जानकारी प्राप्त भएता पनि जिल्लागत रूपमा वितरण गरिएको मल कृषकको माग अनुसार प्रयाप्त नभएको, केही जिल्लामा कृषकले सहज रूपमा मल प्राप्त गर्न नसकेको गुनासो आएकोले जिल्लाको माग अनुसार वितरण प्रणालीलाइ व्यवस्थित गर्नुपर्ने ।

- कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङलाइ मलमा दिइने आगामी आ.वको अनुदान रकम पेश्कीको रूपमा चालु आ.व मा दिदा मल खरीद प्रकृया सहज हुने भएकोले सो अनुसार व्यवस्था भएमा उपयुक्त हुने।
- मलको लोड अनलोड मै २०-२५ जना मानिसको आवश्यकता पर्छ तर बन्दाबन्दी तथा निशेधज्ञाका कारण स्वास्थ सुरक्षाका मापदण्ड अनुसार उक्त कर्मचारी खटाउन नमिलेको तथा ठाउँठाउँमा हुने चेक जाँचले रोकतोक तथा ढुवानीमा सुस्तता आइ रहेकोले ढुवानीमा सहजीकरण हुन आवश्यक रहेको ।
- बन्दाबन्दी तथा निशेधज्ञाका कारण एग्रोभेट पनि हाल संचालन नभएको, विभिन्न बिउ उत्पादक सहकारीमा बीउ स्टकमा रहेको भएता पनि धानको बीउ राख्नु पर्ने समयमा हालसम्म पनि किसानमाझ बीउ पुग्न नसकेको अवस्थामा किसानहरूले भकारीको बीउ प्रयोग गर्नु पर्ने अवस्था भएकोले सहज रूपमा बीउ बिक्री वितरणका लागि सहजीकरण गर्नुपर्ने ।
- बिउ विजनको बजारिकरणलाइ नियमन गरी बिउको गुणस्तर कायम गर्नका लागि समयसापेक्ष बिउ विजन सँग सम्बन्धित निर्देशिका परिमार्जन हुनु पर्ने ।
- चैतै धानको भित्र्याउने समयहुन लागेको हुनाले चैते धानको न्यूनतम समर्थन मूल्य तत्काल तोकिनु पर्ने ।
- अन्यमा राष्ट्रिय किसान आयोगका अध्यक्ष प्रेम प्रसाद दंगालज्युवाट छलफलमा उठेका विषयवस्तुमा प्रकाश पार्दै छलफलको समापन गर्नु भएको थियो ।